**आ.व. २०७५\७६ को सोह्रौ बैठक**

…ज मिति २०७६ साल आषाढ ०९ गते सोमवारका दिन यस पाथीभरा याङवरक गाउँपालिकाका अध्यक्ष **श्री केशरकुमार सुब्बा ज्युको** अध्यक्षतामा तपसीलमा उल्लेखित सदस्यहरुको उपस्थीतिमा गाउँ कार्यपालिकाको …क बसी निम्न निर्णयहरु गरीयो ।

<u>…पस्थिती</u>

| क.स. | नाम थर | पद | ठेगाना | दस्तखत |
|---|---|---|---|---|
| | केशरकुमार सुब्बा | अध्यक्ष | पा.या.गा.पा. वडा नं. २, ताप्लेजुङ | |
| | रनमाया गुरुङ | सदस्य | ऐ. वडा नं. १ | |
| | जिवनराज खिम्दिङ | सदस्य | ऐ वडा नं. १ | |
| | ज्ञानप्रसाद दाहाल | सदस्य | ऐ. वडा नं. २ | |
| | भिमबहादुर बस्नेत | सदस्य | ऐ. वडा नं. ३ | |
| | चन्द्रमान खोयाहाङ | सदस्य | ऐ. वडा नं. ४ | |
| | तारामान साम्सोहाङ | सदस्य | ऐ. वडा नं. ५ | |
| | दुर्गाप्रसाद थेबे | सदस्य | ऐ. वडा नं. ६ | |
| | गीता राई | सदस्य | ऐ. वडा नं. १ | |
| | …नकुमारी बि.क. | सदस्य | ऐ. वडा नं. २ | |
| | सीतादेवी बि.क. (लामगादे) | सदस्य | ऐ. वडा नं. ३ | |
| | …ज बहादुर नेपाली | सदस्य | ऐ. वडा नं. ४ | |
| | …समाया माङयुङ | सदस्य | ऐ. वडा नं. २ | |
| | …मला भण्डारी (थेबे) | सदस्य | ऐ. वडा नं. ६ | |
| | रमेश राई | सदस्य-सचिव | हतुवागडी-८, भोजपुर | |

…स्थिति

…त्रो

…ल साकी

…व

…गामी आ.व. २०७६/७७ का लागि नीति, कार्यक्रम तथा बजेट र सो सम्बन्धि विनियोजन विधेयक, …ार्थिक विधेयक, कार्यालयको संगठन संरचना, स्थायी दरवन्दी, करार दरवन्दी, बेरुजु नियमियतता …म्वन्धी प्रस्तावहरु सभामा पेश गर्ने सम्बन्धमा ।

२. आयोजनाहरुको वर्गीकरण प्राथमिकीकरण र अन्य सभा समक्ष सिफारिस सम्बन्धमा

३. स्थानीय दररेट सम्बन्धमा ।

अन्य

## निर्णयहरू

**र्णय नं. १.**

ताव नं. १ माथी छलफल गर्दा निम्न निर्णयहरू सर्वसम्मतबाट गरीयो ।

क) आगमी आ.व. २०७६/७७ को लागि अनुसूचि-१ बमोजिमको कार्यालयको समग्र र विषयगत नीति तथा कार्यक्रम सभामा पेश गर्ने निर्णय गरीयो ।

ख) अनुसूची-२ बमोजिमको रु. **१८६७५२०००**।- अक्षरी अठार करोड सडसठ्ठी लाख बाउन्न हजार रुपैया (६२.३६%) र पूँजिगत तर्फ रु. **११,२७,४२,०००**।— अक्षरी एघार करोड सत्ताईस लाख बयालिस हजार रुपैया (३७.६४%) गरी कूल बजेट २९.९४.९४,००० उन्तिस करोड चौरानब्बे लाख चौरानब्बे हजार रुपैया मात्रको बजेट सभामा पेश गर्ने निर्णय गरीयो ।

ग) स्थानीय आर्थिक विधेयक, २०७६, स्थानीय बिनियोजन बिधेयक, २०७६ सभामा पेश गर्ने निर्णय गरीयो ।

घ) अनुसूची-३ बमोजिमको यस कार्यालयको संगठन संरचना स्वीकितिका लागि सभामा पेश गर्ने निर्णय गरीयो।

ङ) अनुसूची-४ बमोजिमका पदहरू स्थायी पदपूर्ती नभएसम्मका लागि अस्थायी दरवन्दी स्वीकित गरी सेवा करारमा लिन सभामा पेश गर्ने निर्णय गरीयो ।

च) आ.व. २०७३/७४ र २०७४/७५ को महालेखा लेखारीक्षणबाट औंल्याईएका अन्तिम लेखा प्रतिवेदनमा तोकिएका नियमित गर्नु पर्ने अनुसूची- ५ बमोजिमका बेरुजुहरूलाई नियमित गर्नका लागि सभामा पेश गर्ने निर्णय गरीयो ।

**निर्णय नं. २**

व नं. २ माथी छलफल गर्दा अनुसूची-६क. बमोजिमको आयोजनाहरू गाउँपालिकाद्वारा संघीय सरकार समक्ष र्ने, अनुसूची-६ख. बमोजिमको आयोजनाहरू गाउँपालिकाद्वारा प्रदेश सरकार समक्ष पेश गर्ने र स्रोत जुटेमा ची-६ग. बमोजिमका आयोजनाहरू गाउँपालिकाले संचालन गर्ने गरी प्राथमिकीकरण गर्ने निर्णय गरीयो ।

**र्णय नं. ३**

। नं. ३ माथि छलफल गर्दा आ.व. २०७६/७७ का लागि निर्धारित तथा स्वीकित जिल्ला दररेट नै आ.व. ६/७७ का आयोजना संचालनका क्रममा अवलम्बन गर्न सभामा निर्णयका लागि सिफारीश गरीयो ।

अनुसूची-१

निर्णय नं. १. (क) संग सम्बन्धित

विषयगत शाखा तथा समितितर्फको नीति तथा कार्यक्रम

क बिकास समिति तर्फ

१) क्रिषि तथा पशु शाखा तर्फ

क्रिषि व्यवसाय र पशुपालन व्यवसायलाई व्यवसायिक बनाउदै स्वरोजगार बनाई आर्थोपार्जनमा योगदान पुर्याईनेछ ।

बंगुर, बाख्रा पालन व्यवसाय मार्फत युवा स्वरोजगार कार्यक्रमलाई निरन्तरता दिईनेछ ।

गाईपालन मार्फत डेरी उद्योगलाई प्रवर्द्धन गरीनेछ ।

हिउँदे र बर्षे फलफुलका बिरुवा वितरण गर्दै एक व्यक्ति एक बिरुवा अभियान संचालन गरिनेछन् ।

बाली संरक्षण, नस्लसुधार, व्यवसायिक तरकारी खेतिलाई निरन्तरता दिईनेछ।

गोठसुधार कार्यक्रमलाई प्राथमिकता दिँदै प्राङगारिक खेती मार्फत रासायनिक मललाई निरुत्साहित गर्दै लगिनेछ ।

क्रिषकहरूलाई व्यवसायिक खेती सम्वन्धि तालिम र क्षमता विकासमा जोड दिईनेछ ।

कफी र कागतीको स्थानिय नर्सरी स्थापना गरिनेछ ।

) सहकारी तर्फ

एक वडा एक सहकारी संस्थाको अवधारणा कडाईका साथ लागु गरिनेछ ।

समस्याग्रस्त सहकारीहरूलाई खारेज गर्ने र ठीक संगले चलेका सहकारीहरूलाई प्रवर्द्धन गर्दै लगिनेछ ।

: बिकास समिति तर्फ

गाउँपालिकाका ठूला संरचनाहरू निर्माणका लागि संघीय सरकार, प्रदेश सरकार, अन्तर स्थानीय सरकार विभिन्न संघ-संस्थाहरूसंगको साझेदारीको नीति अख्तियारी गरीनेछ ।

अन्तरसरकारी साझेदारीको लागि स्थानीय समपूरक कोषमा आवश्यक रकम विनियोजन गरीनेछ।

वडा नं. ५ चाक्सीबोटे र वडा नं.२ थेचम्बु जोड्ने फावाखोलामा मोटरेवल पक्की पुल, गाउँपालिकाको प्रशासकीय भवन, गौरवको आयोजना खोक्से-कामीडाँडा-थेचम्बु-खाल्टे-चाक्सीबोटे-चिउरीगोलाई मोटरबाटोलाई सघ र प्रदेशको समपुरक अनुदान र विशेष अनुदान प्राप्त गरी साझेदारीमा बहुवर्षिय आयोजनाका रुपमा संचालन गरीनेछ ।

गाउँपालिकाको केन्द्र जोड्ने सीधा सडक संजाल विस्तारका लागि पर्याप्त बजेट विनियोजन गरीनेछ ।

नयाँ स्वास्थ्य चौकी भवन निर्माण र पुराना स्वास्थ्य चौकी निर्माणका लागि आवश्यक जग्गा व्यवस्थापन गरी वडा मार्फत आयोजना संचालन गरीनेछ ।

गाउँपालिकाको केन्द्रमा एउटा अस्पताल निर्माणका लागि आवश्यक जग्गाको व्यवस्थापन गरीनेछ ।

एक वडा एक हेलिप्याडको अवधारणालाई अंगीकार गरीनेछ ।

पाथीभरा द्रुत पर्यटनमार्ग (मेची राजमार्गको खहरे खण्डदेखि-पूर्णेडाँडा-औँशिडाँडा-महाकाली-जरीबुटेदेउराली जोड्ने सडक) विगतमा संघीय सरकारबाट ठेक्कालागि हाल बेवारीसे रहेको देखिदा उक्त सडकलाई केन्द्र सरकारको योजनामा निरन्तरताका लागि जोड दिईने छ ।

अति आवश्यकीय बाहेक नयाँ सडकको ट्र्याक ओपन गर्ने कार्यलाई निरुत्साहित गर्दै भएका सडकहरूको स्तरोन्नती र नियमित मर्मत गरीने छ ।

सडक र अन्य पूर्वाधारजन्य संरचनाको नियमित मर्मत संभारका लागि हरेक पुर्वाधारजन्य आयोजनाहरूको रकमको ३% कट्टागरी मर्मत संभार कोषमा जम्मा गर्नु पर्दछ । उक्त कोषबाट कार्यलयका पूजिगत सामाग्रीको नियमित मर्मत संभार र सडक हेरालूको पारीश्रिक समेत व्यवस्था गरीनेछ ।

हरेक आयोजहरूबाट आयोजना रकमको २% कन्टीन्जेन्सी रकम कट्टागरी आयोजना व्यवस्थापनका लागि आवश्यक कार्यविधी बनाई खर्चगरीनेछ।

ठूला सडक संरचना, ५० लाख भन्दा वढी रकमका भवन संरचना, ठूला खानेपानी आयोजनाहरू निर्माणका लागि DPR, IEE र SOIL TEST गरीकन मात्र आयोजना संचालन गर्ने नीति अख्तियार गरीनेछ ।

स्वास्थ्य तर्फ

तालिम प्राप्त स्वास्थ्यकर्मीहरुबाट प्रसुति सेवा प्रदानका लागि बिगतको जीरोहोम डेलीभरि कार्यक्रमलाई निरन्तरता दिईने छ । साथै थुम्वेदीनमा थप वर्थिङ सेवा संचालनका लागि आवश्यक व्यवस्था गरीने छ ।

२. पर्याप्त पूर्वाधार रहेका स्वास्थ्य चौकीहरुमा आधारभुत ल्याव संचालन गरीने छ । उक्त ल्याव सेवा संचालनमा सेवाग्राहीहरुको समेत योगदान रहनु पर्ने व्यवस्था गरिनेछ ।
३. गाउँपालिकाको केन्द्रमा अस्पताल स्थापनाका लागि जग्गाको व्यवस्थापन गरीने छ ।
४. हाल चालु हालतमा भएका सामुदायिक स्वास्थ्य एकाईहरुलाई वडा मार्फत व्यवस्थापन गर्दै निरन्तरता दिइनेछ।
५. महिला स्वास्थ्य स्वयम् सेविका निर्देशिका बमोजिम स्वयम सेविकाहरुलाई पुन: संरचना गरीनेछ । २५० जनसंख्या बराबर १ स्वयम्सेविका कायम गरिने छ ।
६. स्वास्थ्य चौकीहरुमा औषधि तथा स्वास्थ्य औजारको नियमित आपूर्तिका लागि आवश्यक व्यवस्था गरिने छ।
७. सुरक्षित मातित्व सेवालाई गुणस्तरिय बनाउँदै लगिनेछ ।
८. पोषण कार्यक्रम अन्तर्गत पूर्ण व्रिद्दि अनुगमन कार्यक्रम संचालन गरिनेछ।

ग) महिला, बालबालिका तथा जेष्ठनागरिक शाखा (सामाजिक सुरक्षा) तर्फ

१. आगमी आ.व. भित्र सबै प्रकारका छुट भएका अपाङ्गहरुलाई अपाङ्गताको परिचयपत्र वितरण गर्ने व्यवस्था गरीनेछ।
२. ज्येष्ठ नागरिक परिचय-पत्रलाई नियमित अध्यावधिक गरिनेछ ।
३. आर्थिक रुपले विपन्न एकल तथा अति ज्येष्ठ नागरीकहरुलाई वडामार्फत सुक्षित आबासको प्रवन्ध मिलाईनेछ ।
४. वडाहरुलाई बालमैत्री, पूर्ण सरसफाईयुक्त बनाउनलाई वडाहरुमार्फत कार्यक्रमहरु संचालन गरीनेछ ।
५. बालविवाह रोकथाम, छुवाछुत प्रथा उन्मुलन, विभिन्न सामाजिक कुरीति, लागू औषध नियन्त्रण सम्वन्धि सचेतनात्मक कार्यक्रमहरु संचालन गरीनेछ ।
६. गाउँपालिकाको केन्द्रमा ज्येष्ठ नागरीकहरुका लागि दिवा सेवा केन्द्र संचलानका लागि पूर्वाधार तयार गर्न प्रयत्न गरीनेछ ।
७. विभिन्न सीप तथा क्षमता विकास तालिमहरु संचालन गरीनेछन् ।
८. विशेष दिवसको अवरसर बनाई नागरीक सम्मान कार्यक्रम संचालन गरीने छन् ।
९. अनाथ तथा जोखिमयुक्त बालबालिकाहरुको व्यवस्थापनका लागि एक कोष स्थापना गरी सो कोषबाट निजहरुको पहिचान गरी निर्वाह भत्ताको व्यवस्था गरीने छ ।

युवा तथा खेलकुद बिकास तर्फ

१. विभिन्न पर्व मेलाहरुको अवसरमा गाउँपालिका स्तरीय तथा वडा स्तरीय खेलकुद संचालन गरीनेछ ।
२. राष्ट्रपति रनिङशील्ड प्रतियोगिता संचालन गरी नव प्रतिभा पहिचान गरीनेछन् ।
३. गाउँपालिका स्तरिय खेलकुद संचालन तथा व्यवस्थापनका लागि गाउँपालिका स्तरीय एक खेलकुद समिति गठन गरी सोही समितिद्वारा खेलकुद संचालन तथा व्यवस्थापन गरिनेछ ।
४. एक वडा एक खेल मैदान कार्यक्रमलाई अझ व्यवस्थित र स्तरोन्नती गरीने छ । गाउँपालिकाको केन्द्रमा एउटा खेलमैदान निर्माण तथा स्तरोन्तीका लागि जग्गाको व्यवस्थापन गरीनेछ ।
५. बेरोजगार युवाहरुको लगत संकलन गरी रोजगारोन्मुख गरीनेछ ।
६. कामका लागि पारीश्रमिक कार्यक्रमलाई प्राथमिकता दिई आयोजनाहरु संचालन गरिनेछ ।

## ... सेवा तथा क्षमता बिकास समिति तर्फ

...र्मचारी व्यवस्थापन तर्फ

१. संघीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय, सिंहदरवार काटमाण्डौले ONM गरी पठाएको दरबन्दी मध्ये समायोजनबाट पदपूर्ति भएका बाहेकको दरबान्दी स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ८३ मा भएको व्यवस्थानुसार गाउँपालिकाको कार्यालय, शाखाहरु, वडाहरुका लागि उसको आन्तरिक राजश्व सेवा दिनुपर्ने भुगोल, सेवाको प्रकिति, अधिकार क्षेत्र, कार्यबोझ समेतलाई विश्लेषण गरी संगटन तथा व्यवस्थापन सर्भेक्षणको आधारमा

स्थायी पद तथा दरवन्दि सिर्जना गर्नु पर्ने कानुनी व्यवस्था रहेकोले सेवा परामर्श खरीद गरी ONM कार्य गरीनेछ सोका लागि आवश्यक बजेट छुट्याईनेछ ।

२. स्थायी पदपूर्ती नभएको, समायोजनबाट समेत नगन्य पदमात्र पदपूर्ती भएको अवस्था र नियमित कामकाजका लागि जनशक्ति अभाव रहेको तथा प्राविधिक सेवा, कार्यालय सहयोगी, सवारी चालक तथा विगतमा साबिक जिल्ला शिक्षा कार्यालयले सामुदायिक विद्यालय संचालनको अनुमति दिएको तर शिक्षक दरवन्दी नदिएको वा दिएपनि कक्षासंचालनका लागि आवश्यक संख्यामा दरबन्दी नदिएका विद्यालयहरूलाई करारमा नीजि शिक्षक राख्न वान्छनीय भएकोले विगतका पद तथा करारका दरबन्दीहरुमा परिवर्तन तथा थप नगरी स्थायी पदपूर्ती भएका बखत स्वत पद खारेज हुने गरी कर्मचारी व्यवस्थापन गरीनेछ ।

३. स्थानीय सरकार संचालन ऐन, २०७४ को दफा ११. को उपदफा (२) देहाय ज. ११ बमोजिम सामुदायिक विद्यालय शिक्षक तथा कर्मचारी दरवन्दी मिलान गर्नका लागि परामर्श सेवा खरीदका लागि पर्याप्त रकम व्यवस्था गरीनेछ ।

**ख) सुशासन तथा पारदर्शितका सम्बन्धि:**

१. गाउँ कार्यपालिकाको कार्यलयले कम्तिमा १ आ.व.मा २ पटक, वडा र शाखाहरुले कम्तिमा १ पटक सार्वजनिक सुनुवाई कार्यक्रम गरीनेछ ।

२. हरेक ठूला आयोजनाहरुको सामाजिक परीक्षण गरीनु पर्दछ, अनुगमन समितिले हरेक आयोजना, शाखा र कार्यालयहरुको नियमित अनुगमन गरी प्रतिवेदन बनाई कार्यपालिकाको बैठकमा पेश गरीनेछ ।

३. लेखाको गतिविधिको पारदर्शिता र चुस्तताका लागि, बेरुजु नियमितताका लागि स्थानीय लेखा समिति सक्रिय हुन आवश्यक छ ।

४. शाखा, वडा, र कार्यालयमा CC CAMERA, E_ATTENDENCE र लेखा जिन्सी, योजना सम्बन्धि SOFTWARE को व्यवस्था गर्न पर्याप्त बजेट बिनियोजन गरीनेछ ।

५. कार्यालयको गतिविधि र जनताको पीरमार्का बुझ्न कम्तिमा महिनामा १ पटक स्थानीय संचार माध्यमबाट गतिविधि प्रशारण हुनु पर्दछ ।सोका लागि स्थानीय सचार माध्यमसंग सहकार्यका लागि आवश्यक रकम विनियोजन गरीनेछ ।

**ग) क्षमता बिकास सम्बन्धि**

१. कर्मचारी र जनप्रतिनीधिहरुको क्षमता विकासका लागि मागमा आधारित तालिम, ICT सम्वन्धि तालिम संचालन, अध्ययन भ्रमण र छात्रबिति प्रदान गरिनेछ ।

२. उपभोक्ता समिति, ठेकेदारहरूलाई आयोजना सम्बन्धि, करदाताहरुलाई करदान सम्बन्धि तालिम तथा क्षमता विकास गरिनेछ ।

. उत्किष्ट कर्मचारीहरूलाई सम्मान पुरस्कारको व्यवस्था गरिनेछ ।

. आन्तरिक स्रोतबाट व्यहोरिने गरि कर्मचारिहरूलाई बिदाको समयमा र कार्यालय समय भन्दा फाल्टो समयमा काम गरेवापत खाजा र खाना खर्चको व्यवस्था गरिनेछ।

. आन्तरिक स्रोतबाट प्राविधिक कर्मचारीहरूलाई फिल्ड भत्ताको व्यवस्था गरिनेछ ।

कर्मचारिहरूला लागि आवासको व्यवस्था गरिनेछ ।

## ? समिति तर्फ

आवश्यकताअनुसार कानून व्यवसायीको परामर्शको व्यवस्था गरिनेछ ।

कानुन निर्माण सम्बन्धि तालिम र क्षमता विकासका लागिआवश्यक व्यवस्था गरिनेछ ।

यथाशीघ्र बनाउनु पर्ने केही कानुनहरु: स्थानीय आर्थिक ऐन, स्थानीय विनियोजन ऐन, स्थानीय शिक्षा नीति, स्थानीय शिक्षा ऐन, स्थानीय शिक्षा नियमावली संशोधन आदिलाई तदारुक्ताका साथ निर्माण गरीनेछ।

कम्तिमा अर्धवार्षिक रुपमा पास भएका कानुनहरूको संगालो पत्रिकाका रुपमा प्रकाशन गरीनेछ।

स्थानीय राजपत्र नियमित रुपमा प्रकाशन गरीनेछ ।

१३. विद्यालयको भौतिक संरचना, भवन, सौचालय आदि निर्माणका लागि प्रचलित नर्म्स भित्र रही विद्यार्थी संख्या र सेवाक्षेत्र हेरी आवश्यक पहिचान गरि आयोजना संचालन गरिनेछ ।

१४. गा.पा.को आन्तरीक स्रोत ब्रिद्दि हुने संरचना र सडक निर्माणमा जोड दिईनेछ ।

१५. सडक निर्माण आयोजना संचालन गर्दा आयोजना रकमको बढीमा ५०% सम्म मात्र हाभी ईक्वीपमेन्टको प्रयोग गरीनेछैन । श्रम प्रधान हुने र स्थानीय कच्चा पदार्थको अधिकतम प्रयोग हुने आयोजनाहरू संचालन गरीनेछ ।

१६. आयोजनाको प्रभावकारीताका लागि हरेक आयोजना अनुगमन र नियमनका लागि पर्याप्त प्राविधिक जनशक्तिको व्यवस्थापन गरीनेछ ।

१७. ३० लाख भन्दा बढी लागतका आयोजनाहरू टेन्डरमार्फत संचालन गरिनेछन् । यसरी टेन्डर आह्वान गर्दा आ.व.को असोज महिना भित्र ठेक्का सम्झौता हुने गरी आयोजना संचालन गरीनेछन् ।

१८. ३० लाख भन्दा कम लागतका आयोजनाहरूमा पनि खरीद जन्य, जटील प्राविधिक ज्ञान आवश्यक पर्ने र परामर्श जन्य आयोजनाहरु गा.पा.ले टेन्डर मार्फत खरिद गरीनेछ ।

१९. "हाम्रो गाउँपालिका उज्यालो गाउँपालिका" कार्यक्रमलाई साकार बनाउन केन्द्रीय विद्युत प्रशारण पुगेका वडाहरुमा वडाहरु मार्फत पर्याप्त कालो तार र मिटर बक्स अनुदान दिईनेछ ।

२०. स्थानीय विकास साझेदारी कार्यक्रम (सांसद विकास कार्यक्रम) को आयोजनाहरू गाउँपालिकाको आयोजनाहरू संग दोहोरो नपर्नेगरी गाउँ सभाले प्राथमिकीकरण गरेको आत्यावश्यकीय आयोजनाहरूमा खर्च गर्नका लागि योजना तर्जुमा कै क्रममा किटान गरीनेछ।

## जिक बिकास समिति तर्फ

### क) शिक्षा शाखातर्फ

1. यस आ.व.को (माघ महिना) भित्र विद्यालयहरूको क्षेत्र (क्याचमेन्ट एरीया), शिक्षक दरबन्दी, विद्यार्थी संख्या र भुगोललाई समेत हरी विद्यालय मर्ज, घटुवा वा खारेज गरीने छ । सोका लागि आवश्यक परामर्श खरिद गरीने छ ।

. नीजि विद्यालयहरू अनुमति नलिई संचालन गर्न पाईने छैन, तोकिएको मापदण्ड नपुर्याई नीजि विद्यालय संचालन गर्ने विद्यालयहरूलाई नियमानुसार कार्वाही प्रक्रिया अघी बढाईने छ ।

. सम्भाव्य विद्यालयहरुमा भाषा विशेषज्ञको व्यवस्था गरी मातृभाषा अध्यापन गर्ने शिक्षकहरूलाई तालिमको व्यवस्था गरीनेछ ।

. शैक्षिक सामग्री रहित कक्षा प्रवेशलाई निरुत्साहन गरीनेछ, हरेक परिक्षा पछि नतिजा अभिभावकलाई हातहातै लगाईनेछ।

तिव्र सिकाई क्षमता भएका विद्यार्थीहरु मध्ये कम्तिमा १ जनालाई विज्ञान, ईन्जिनियरीङ वा प्राविधिक शिक्षामा उच्चा शिक्षाका लागि छात्रब्रित्ति प्रदान गरीने छ ।

विद्यालयहरूलाई प्रविधिमैत्री बनाउदै लगिनेछ। जस्का लागि ब्यकअप भएका विद्यालयहरुमा क्रमश: विद्युतीय हाजरि, सि-सि क्यामेरा लगायतका प्रविधि जडान गरीनेछ ।

मासिक रुपमा विद्यालयको प्रगति प्रतिवेदन पेश गर्नुपर्ने व्यवस्था मिलाईने छ ।

अभिभावक शिक्षा कार्यक्रम संचालन गरीने छ ।

विद्यालयहरुको अनुगमनमा तीव्रता दिईनेछ । अनुगमनबाट प्राप्त प्रतिवेदनका आधारमा विद्यालय र शिक्षकलाइ दण्ड जरिवाना र प्रोत्साहन गरीने छ ।

. कक्षा ३, ५, ८, १० र १२ मा एक शैक्षिक वर्षमा कम्तिमा १ पटक गा.पा. स्तरिय परिक्षा संचालन गरि पुरस्कित गरीने छ ।

खेलकुद र सिर्जनात्मक कला शिक्षकहरूलाई तालिम प्रदान गरिनेछ ।

विषय विज्ञ रोष्टर तयार गरीने छ । अनुगमन प्रतिवेदनका लागि आवश्यक व्यवस्था गरीनेछ ।

प्रयोगशाला, पुस्तकालयको प्रयोगमा अनिवार्य गरिएको छ । सबै विद्यालयहरुले अभिभावकहरूलाई आह्वानगरी विद्यालयको आय-व्यय, आर्थिक र भौतिक प्रगति अनिवार्य रुपमा प्रस्तुत गरीनेछ ।

विज्ञान, गणित तथा प्राविधिक विषयका शिक्षकहरुको अभाव हुन नदिनका लागि तेस्रो पटकको विज्ञापनबाट समेत रिक्त शिक्षक पद पूर्ती हुन नसकेमा शैक्षिक योग्यता पुगेका तर शिक्षण अनुमति प्राप्त नगरेका नागरीकहरुबाट सेवा करार गर्न सकिनेछ । तर निजहरुले सेवा करार भएको २ वर्ष भित्र अनिवार्य रुपमा अध्यापन अनुमती प्राप्त गरी सकेकोहुनु पर्नेछ।

समिति

१. मेलमिलापकर्ता छनौट र निजहरुलाई तालिमको व्यवस्था गरीनेछ ।
२. कानुनी परामर्शका लागि सेवा परामर्श खरीद गरीनेछ ।
३. मेलमिलाप केन्द्रको स्थापना, मेलमिलापकर्ताका लागि पारीश्रमिक र केन्द्रको मसलन्दको चालू तर्फबाट व्यवस्था गरीनेछ ।

## अनुसूची-२
### निर्णय नं. १. (घ) संग सम्बन्धित
सचित कोषबाट विनियोजन हुने रकम

| अनुदान संख्या | शीर्षकको नाम | चालु खर्च | पूँजीगत खर्च | वित्तीय व्यवस्था | जम्मा |
|---|---|---|---|---|---|
| २ | ३ | ४ | ५ | ६ | ७ |
| | गाउँ कार्यपालिका | ५,८२,६०,०००।- | ५,१८,३४,०००।- | ० | ११,००,९४,०००।- |
| | वडा समिति | ५०,०१,०००।- | ३,४९,९९,०००।- | ० | ४,००,००,०००।- |
| | बिषयगत शाखा | १२,३४,९१,०००।- | २,५९,०९,०००।-- | ० | १४,९४,००,०००।- |
| | ऋणको साँवा ब्याज भुक्तानी | ० | ० | ० | |
| | लगानी (शेयर\ऋण) | ० | ० | ० | |
| | जम्मा | १८,६७,५२,०००।- | ११,२७,४२,०००।- | ०।- | २९,९४,९४,०००।- |

## अनुसूची-३
### निर्णय नं. १. (घ) संग सम्बन्धित

नेपाल सरकार मन्त्रीपरिषदको मिति २०७५/०९/०९ को बैठकबाट स्विकित यस गाउँपालिकाको संगठन तथा व्यवस्थापन सर्वेक्षण (ONM) तेरीज अनुसारकै स्थायी दरवन्दी तथा संरचना स्विकित गर्ने।

माथी १ नं. निर्णयमा जेसुकै उल्लेख भएपनि यस गाउँपालिकामा साविक जिल्ला बिकास समितिबाट समायोजन भई आएको तर माथी १ नं. मा दरवन्दी उल्लेख नभएको पद सह-लेखापाल पद कायम गर्नका लागि मिति २०७५/०९/०९ को निर्णयमा अशिष्टेन्ट सब-ईन्जिनियर पद संख्या १ कट्टा गरी उक्त सह-लेखापालको पद कायम गर्ने ।

## अनुसूची-४
### निर्णय नं. १ (ङ) संग सम्बन्धित

ाजिमको पदहरू अस्थायी करार दरवन्दीको निरन्तरता र केही थप दरवन्दी सिर्जना गर्ने निर्णय गरियो ।

**गाउँपालिकाको स्रोतबाट करारका कर्मचारी व्यवस्थापन**

| | | |
|---|---|---|
| | स्वास्थ्य तर्फ | |
| पद | तह | औचित्य |
| अनमी | सहायक चौथो | नयाँ खोलिने बर्थिङ व्यवस्थापनका लागि, थुम्बेदीन |
| ल्याव अशिष्टेन्ट | सहायक चौथो | साविकलाई निरन्तरता, वेचम्बु १, थुम्बेदीन १ |
| का.स. | सहायक तेस्रो स्तर | नयाँ खोलिने बर्थिङ व्यवस्थापनका लागि थुम्बेदीन |
| | शिक्षा तर्फ | |
| प्रा.शि. | तेस्रो श्रेणी | साविकका विद्यालयहरुलाई तोकिएको दरमा |

| | | | |
|---|---|---|---|
| ८ | मा.शि. | तेश्रो | साविकका विद्यालयहरूलाई तोकिएको दरमा |
| | | **किषि** | |
| १ | नाप्रास | चौथो | शाखामा कर्मचारी नभएकोले पूर्ति भएका बखत स्वत खारेज हुने गरी |
| | | **गा.पा. तर्फ** | |
| १ | ईन्जिनियर | छैठौ | साविकलाई निरन्तरता |
| २ | सव-ईन्जिनियर | पाचौं | साविकलाई निरन्तरता |
| ३ | कम्प्युटर अपरेटर | पाचौं | साविकलाई निरन्तरता |
| ४ | अ.स.ई | चौथो | साविकको असईलाई निरन्तरता |
| ५ | का.स. | तेस्रो | साविकका अस्थायी कासहरूलाई निरन्तरता |
| ६ | वडा सहायक | चौथो | साविकको सामाजिक परिचालकहरूलाई निरन्तरता |
| ७ | हसचा | तेस्रो | चार पाडग्रे |
| ८ | हसचा | तेस्रो | दुई पाडग्रे |
| | | | |

## अनुसुची- ६क.

## निर्णय नं. २ संग सम्बन्धित

<u>पाथीभरा याङवरक गाउँकार्यपालिकाले प्राथमिकिकरण गरेका थप आयोजनाहरु:-</u>

### वडा नं.-१

| स. | योजनाको नाम | रकम (रु) | प्राथमिकीकरण |
|---|---|---|---|
| | थापथोक सुवेवा हुदै गाउँपालिका जोड्ने मोटर बाटो निर्माण | ३,००,००,०००।- | १ |
| | चोलुङ्ग घुम्ती देखि छिपछिपे जोड्ने मोटर बाटो निर्माण | ३०,००,०००।- | १ |
| | मेची राजमार्गको लक्ष्मण डाडाँ हुदै गाउँपालिका जोड्ने मोटर बाटो निर्माण | २०,००,०००।- | १ |
| | तेनेबुङ टुडिखेल सासोक ज्यामिरे हुदै गाउँपालिका जोड्ने मोटर बाटो निर्माण | ५०,००,०००।- | २ |
| | श्री कालिका मा.वि. मा गणित प्रयोगशालाको भित्तामा टेस गाहो वडा कार्यलय वसेको भवनको छत ढलान विध्यालय हातामा घेराबारा लगाउने शौचालय निर्माण तथा मर्मत | १६,००,०००।- | १ |
| | श्री कालिका मा.वि कम्पुटर कोटा व्यवस्थापन गर्न | ५,००,०००।- | २ |

### वडा नं.२

| कार्यक्रम तथा आयोजनाको नाम | कार्यानयन हुने स्थान | विनियोजीत गर्नु पर्ने रकम | प्राथमिकता नं. |
|---|---|---|---|
| निङ्मा ओर्गेन छयो खोरलिङ बौध गुम्बा निर्माण | पा.या.२ थेचम्बु | १५,००,०००। | १ |
| नवज्योति आधारभुत विध्यालय भवन निर्माण | पा.या.२ थेचम्बु | ३२,००,०००। | शिक्षा शाखा तर्फबाट |
| वडा कार्यालय भित्ता पट्टि थेचम्बु मावि को छेउमा टेस गारो निर्माण | पा.या.२ थेचम्बु | २०,००,०००। | २ |
| माहाकाली आधारभुत विध्यालय रेट्रोफिडीङ | पा.या.२ थेचम्बु | ८,००,०००। | १ |
| चौकि बसिरहेको स्वास्थ्य कार्यलयको भवन मुनी टेसगारो | पा.या.२ थेचम्बु | ७,००,०००। | २ |

| | | | | |
|---|---|---|---|---|
| | पुर्णडाडा ढल निकास ब्यावस्थापन | पा.या.२ थेचम्बु | ७,००,०००। | १ |
| | महाकालीमा सामुदायिक भवन निर्माण | पा.या.२ थेचम्बु | १५,००,०००। | २ |
| | थेचम्बु भरी बंगुर खोर सुधार कार्यक्रम | पा.या.२ थेचम्बु | २०,००,०००। | ३ |
| | थेचम्बु सडक बत्ती कार्यक्रम | पा.या.२ थेचम्बु | ७,००,०००। | ग्रामीण उर्जाबाट |
| ० | मैदाने हुँदै देउराली पुर्णडाडा जोड्ने मोटरबाटो | पा.या.२ थेचम्बु | २०,००,०००। | १ |
| २ | खागे मुहान देखी थेचम्बु ५ सम्म को GWS को खानेपानी मर्मत | पा.या.२ थेचम्बु | ५,००,०००। | १ |
| ३ | थेचम्बु ४ मोटरबाटो स्तरउन्नती | पा.या.२ थेचम्बु | १०,००,०००। | २ |
| ४ | खाल्टे जाने मोटरबाटो निर्माण | पा.या.२ थेचम्बु | ५०,००,०००। | १ |
| ५ | बारालगाउँ बाट पाथिभरा याङवरक १ सालडाडा जोड्ने मोटरबाटो | पा.या.२ थेचम्बु | ५०,००,०००। | १ |
| ६ | थेचम्बु आधारभुत विध्यालय टेस गारो तथा २००MM को पाईप खरीद ब्यावस्थापन | पा.या.२ थेचम्बु | १०,००,०००। | १ |
| ७ | हनुमाने देखि दिपज्योति मोटरबाटो स्तर उन्नती | पा.या.२ थेचम्बु | ७,००,०००। | २ |
| | शिवाखोला खानेपानी आयोजना | सा.थेचम्बु-९ | १५,००,०००।- | १ |

**वडा नं. ३**

म्बे सिम्बेवा सुतार गोलाई थेचम्बु जोड्न. मोटर बाटो — प्राथमिकता नं. १

त्र पोखरी मो.बाटो छेउ सार्वजनिक शौचालय साबिक ८ — प्राथमिकता नं. १

पपोखरि पर्यटकीय क्षेत्रको DPR. गर्ने — प्राथमिकता नं. १

**वडा नं. ४**

भिरा याङवरक गा.पा. वडा नं. ४ को वडा कार्यालय वरिपरि

ण्ड घेरेर गेट निर्माण गर्ने र कम्पाउन्ड सम्याउन रु १५ लाख — प्राथमिकता नं. १

भिरा याङवरक गा.पा. वडा नं. ४ को साबिक दुम्रीसे २ मा रहेको

ा माङहीम मन्दिरमा ठेस गारो, सिडी निर्माण गर्ने रु १५ लाख। — प्राथमिकता नं. १

नरी भवन निर्माणको लगि रु १५ लाख। — प्राथमिकता नं. १

**वडा नं. ५**

१. चाक्सीबोटे खेलमैदानमा ग्याबिन वाल — प्राथमिकता नं.- १
२. साबिक चाक्सीबोटे-७ को सवरा कात्तिके खोर्सानि, माके र कात्तिके प्राविलाई खानेपानी योजना (ब्रिटिस वेलफेयर धरानमा माग गर्ने). प्राथमिकता नं.-१
३. २०० MMको पाईप १५० मिटर (कृषि शाखामा सानासिंचाई कार्यक्रम) बाट माग प्राथमिकता नं.-१
४. भुसंरक्षण तर्फ पौवा मुहान संरक्षण — प्राथमिकता नं.-२
५. चाक्सीबोटे मा.वि. मा ४ कोठे पक्की भवन ( शिक्षा पूर्वाधार तर्फ) — प्राथमिकता नं.-१

**वडा नं. ६**

सुधारीएको आरान तथा भेटेनरीका समानहरु रु ४ लाख

विजुलीको तार र मिटर वक्स खरिद रु १० लाख — प्राथमिकता नं. १

खेल मैदानमा सामुदायिक भवन रु २५ लाख — प्राथमिकता नं. १

थुम्बेदिनबाट ओसे जाने बाटो स्तरउन्नती रु १५ लाख — प्राथमिकता नं. १

प्राथमिकता नं.

## अनुसुची- ६ख.

### निर्णय नं. २ संग सम्बन्धित

### देश सरकार समक्ष पेश गरीने आयोजनाहरू

१. वडा नं. ५ र २ जोड्ने फावाखोलामा पक्कि पूल निरन्तरता वहुवर्षिय कार्यक्रम. गाउँपालिका
२. प्वाले ढाड महादेव स्थान मन्दिर निर्माण
३. पंचमी डाडाँमा गुफा संरक्षण — वडा नं १. नाङखोल्याङ
४. रमिते चमेरे गुफा संरक्षण — वडा नं १. नाङखोल्याङ
५. झ्याले ओडार हामपुरी ओडार संरक्षण. — वडा नं १. नाङखोल्याङ
६. त्रिवेणी घाट तथा महादेवथान संरक्षण — वडा नं १. नाङखोल्याङ
७. मेवाखा शिवालय जगदगुरु बाट उद्घाटन गरिएको मन्दिर संरक्षण । — वडा नं १. नाङखोल्याङ
८. १ पाथिभरा याङवरक गाउँपालिका २ नं. वडा कार्यालय पक्की भवन निर्माण रु १ करोड — वडा नं १. नाङखोल्याङ
९. धापपोखरी धर्तीफाँटा पर्यटन निर्माण विस्तार — वडा नं. २. थेचम्बु
१०. ओदिले वाङ्गोपोखरी पर्यटन निर्माण विस्तार — वडा नं. ३ तिरिङ्गे
११. विद्युत केन्द्रिय प्रशारण लाईन विस्तार — वडा नं. ३ तिरिङ्गे
१२. गुप्ते तिरिङ्गे मोटरबाटो स्तरोन्नती — वडा नं. ३ तिरिङ्गे
१३. तिरिङ्गे खोलाबाट लुकुवा हुदै गतमाटे टारी कुलो निर्माण — वडा नं. ३ तिरिङ्गे
१४. डुम्रिसे स्वास्थ चौकीको लागि बर्थिङ सेन्टर भवन निर्माण। — वडा नं. ३ तिरिङ्गे
१५. महिला भवन निर्माण । — वडा नं. ४ डुम्रिसे
१६. ख्वाङ देखी चङखोलुङ पाथिभरा देवी सम्म जाने मोटर बाटो निमार्ण । — वडा नं. ४ डुम्रिसे
१७. भित्रिया देखि गढीडाँडासम्म मोटरबाटो र गढीडाँडामा भ्युटावर निर्माण — वडा नं. ४ डुम्रिसे
१८. चाक्सीबोटे मा.वि.- बालबिकास हुदै डुम्रिसे जोड्ने मोटरबाटो — वडा नं. ५ चाक्सीबोटे
१९. प्रसुती भवन निर्माण रु १ करोड — वडा नं. ५ चाक्सीबोटे
२०. सिचाईका लागि रु २० लाख — वडा नं. ६ थुम्बेदीन
२१. खैलमैदानका लागि रु. २० लाख — वडा नं. ६ थुम्बेदीन
२२. घाट जाने बाटो र सामुदायिक भवन निर्माण रु २० लाख । — वडा नं. ६ थुम्बेदीन

वडा नं. ६ थुम्बेदीन

## अनुसुची- ६ग.

### निर्णय नं. २ संग सम्बन्धित

### रकार समक्ष पेश गरीने आयोजनाहरू

१. गाउँपालिकाको प्रशासनिक भवन
२. वडा नं. ४ र ५ जोड्ने फावाखोलामा पक्की पुल निर्माण. — गाउँपालिका
३. मेची राजमार्गको खहरे खण्ड देखि थेचम्बु पूर्णडाँडा आँशीडाँडा हुदै जरीबुटे देउराली जोड्ने बाटो कालोपत्रे — गाउँपालिका

| | | |
|---|---|---|
| ४. | मेवाखा सुकेटार मोटरबाट कालो पत्रे गर्ने. | वडा नं.- १, नाङखोल्याङ |
| ५. | थेचम्बु खहरे देखी पुर्णेडाडा हुदै देउराली जोड्ने पर्यटन मार्ग कालो पत्रे रु१० करोड. | वडा नं. २. थेचम्बु |
| ६. | थेचम्बु महादेव स्थान मन्दिर तथा भ्यू टावर निर्माण रु १२ करोड. | वडा नं. २. थेचम्बु |
| ७. | तिरिङ्गे स्वास्थ्य चौकी भवन निर्माण. | वडा नं. ३ तिरिङ्गे |
| ८. | वडा नं. ३ तिरिङ्गे भरीका खानेपानी मर्मत तथा निर्माण | वडा नं. ३ तिरिङ्गे |
| ९. | तिरिङ्गे थाङ्सिम्त्रेक सीधाखोला औंशीडाँडा गा.पा. कार्यालय जोड्ने मोटर बाटो ग्राबेल | वडा नं. ३ तिरिङ्गे |
| १०. | ५ नं. वडाको प्रशासनिक भवन निर्माण. | वडा नं. ५ चाक्सीबोटे |
| ११. | माके पुच्छरको काबेली B हाइड्रोपावरको छेउमा मोटरेबल पुल | वडा नं. ५ चाक्सीबोटे |
| १२. | वडा नं. ४ भरिका लागि खानेपानीको व्यवस्तापन | वडा नं. ४ डुम्रिसे |
| १३. | काबेलीको पानी सिचाइ गर्ने रु १ करोड । | वडा नं. ६ थुम्बेदीन |
| १४. | चिउरी गोलाईबाट वडा हुदै जाने बाटो ग्राभेल गर्ने रु ५० लाख । | वडा नं. ६ थुम्बेदीन |
| १५. | खेल मैदानमा वाल लगाउन रु ३० लाख । | वडा नं. ६ थुम्बेदीन |